# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६

च.नं.

मिति : २०७५-०६-०४

### प्रेष-बिज्ञप्ति

मिति २०७५-०६-०४ गते बिहिबारका दिन यस सोलुदुधकुण्ड नगरपालिकाको नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पा ज्यूको अध्यक्षतामा नगर शिक्षा समितिका नयाँ नियुक्त पदाधिकारी ज्यूहरूको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

निर्णयहरु

१. सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ बमोजिम गठित नगर शिक्षा समितिका पदाधिकारीहरूलाई स्वागत गरियो।

२. नगर शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकारको बारेमा प्रमुख प्रशासकीय अधिकृत श्री विजयराज सुवेदी ज्यूले संक्षिप्त जानकारी गराउनु भयो।

३. शिक्षक दरबन्दी मिलान सम्बन्धमा स्रोत व्यक्ति श्री गोपाल राज भुजेलको संयोजकत्वमा नेपाल शिक्षक महासंघको अध्यक्ष एवं नगर शिक्षा समिति सदस्य श्री रोहित कुमार कार्की, नगर शिक्षा समिति सदस्य श्री बिनोद सिंह तामाङ तथा श्री जिन्दा राई रहेको दरबन्दी मिलान उप समिति गठन गर्ने। उप समितिले दरबन्दी मिलान गर्दा प्रचलित संघीय, प्रदेश तथा नगरपालिकाको कानुन बमोजिम मापदण्ड समेतको आधारमा ३५ दिन भित्र प्रतिवेदन पेश गर्न कार्यदेश दिने।

४. सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा १० बमोजिमको वडा शिक्षा समिति गठन गर्न वडा कार्यालयहरूलाई निर्देशन दिने।

५. सगरमाथा आधारभूत बिद्यालय वडा नं. ७ लाई नि.मा.वि तहसम्म सञ्चालन अनुमति दिइएको अभिलेखबाट देखिएकोले उपल्लो तहको कक्षा आवश्यक प्रक्रिया पुरा गरि क्रमश: सञ्चालन गर्न अनुमति दिने।

६. समता स्कुल सञ्चालनका लागि अनुमति उपलब्ध गराउन अनुरोध भएकोमा आगामी शैक्षिक सत्र पुर्व प्रचलित कानुन बमोजिम मापदण्ड पुरा गर्ने गरि समता स्कुललाई सञ्चालनका लागि अस्थायी अनुमति प्रदान गर्ने।

७. REED NEPAL द्वारा नगरपालिका क्षेत्रभित्रका १९ वटा बिद्यालयमा सञ्चालन गरिने कार्यक्रमको प्रस्ताव भएकोमा सो को स्वीकृति दिने।

८. शिक्षक महासंघको कार्यक्रमलाई अधिकतम रू. १ लाख आर्थिक सहयोग उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गर्ने।

रमिला भण्डारी

प्रशासकीय अधिकृत

सोलुदुधकुण्ड नगरपालिका

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com